# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्याः८१
मितिः२०७६/१०/२८
उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | नि.प्रमुख प्रशासकीय अधिकृत | श्री रामचन्द्र घिमिरे | सचिव | |
| ४ | वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| १२ | वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| १५ | कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| १६ | कार्यपालिका सदस्य | श्री खिनमान दर्जी | सदस्य | |
| १७ | कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | कार्यपालिका सदस्य | श्री रमेश कुमार दर्जी | सदस्य | |
| १९ | कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २० | कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| २१ | कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| २२ | कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १. | सहायक (चौथो) | श्री सौजन कट्वाल | आमन्त्रित | |

**मिति २०७६ साल माघ २८ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु**

१. अर्जुनधारा नगरपालिका भएर बहने नदीहरुबाट नदिजन्य सामाग्री उत्खननका लागि स्वीकृत आइइ प्रतिवेदन अनुसार नगरपालिकाबाट विभिन्न मितिमा तिन पटक सम्म ठेक्का आह्वान गरिएकामा कुनै पनि पटक कुनै प्रस्ताव पेश नभएको।

स्वीकृत आइ इइ प्रतिवेदन अनुसार कुल २६४७०० घ.मी. ठेक्का आह्वान गरिएकामा नदिजन्य सामाग्रीको पुनर्मूल्याङ्कनका लागि कार्यपालिकाको बैठकबाट नगर उप प्रमुख ज्यूको संयोजकत्व एवं सम्बन्धित विषयविज्ञ समेतको सहभागितामा गठित कार्यदलबाट तोकिएको क्षेत्रमा फागुन देखि जेठ महिना सम्म ९८८७८।३ घ.मी. सामाग्री संकलन गर्न सकिने प्रतिवेन प्राप्त भएको।

प्राप्त प्रतिवेदन उपर मिति २०७६/१०/२६ गते जिल्ला समन्वय समितिका प्रमुख ज्यू, क्रियाशिल राजनैतिक दलका प्रतिनिधिहरु,निर्माण व्यवसायी,क्रसर व्यवसायी लगायत सरोकारवालाहरुको सर्वपक्षीय बैठकमा छलफल भएको। उक्त प्रतिवेदन अनुसारको परिमाणबाट न्यूनतम राजश्व रु १,८२,७२,९७१/- (एक करोड बयासी लाख बहत्तर हजार नौ सय एकहत्तर मात्र ) हुन आउने देखिएको।

मिति २०७६/१०/२६ गते बसेको सर्वपक्षीय छलफलको राय सुझाव समेतको आधारमा उपर्युक्त अनुसार कायम हुन आएको परिमाण तथा न्यूनतम कबोल अंक कायम गरी अर्जुनधारा नगरपालिकाको आन्तरिक आय (ठेक्का बन्दोवस्त ) कार्यविधि,२०७५ को दफा ३ को उपदफा ४ (झ) बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी मिति २०७६/११/०७ गते दिनको २ बजे नगरपालिका कार्यालयमा डाक बढाबढ गरी ठेक्का बन्दोवस्त गर्ने। उल्लेखित ठेक्का प्रक्रिया बारे जिल्ला समन्वय समितिझापा तथा प्रदेश सरकारलाई जानकारी गराउने।,

२. चालु आर्थिक वर्षमा तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत सञ्चालन हुने आवास निर्माण स्थानीय पूर्वाधार , खुदुनाबारी बजार ,विकास साझेदारी कार्यक्रम तथा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका आयोजना व्यवस्थापन तथा शनिश्चरे बजार सौन्दर्यीकरण आयोजना सञ्चालन गर्न उपभोक्ता समिति गठन गरी यथाशिघ्र योजना सञ्चालन गर्ने व्यवस्था मिलाउने।

३. मिति २०७६गते सबै वडाहरुमा सञ्चालन हुने शिविर तथा महोत्सव पूर्व तयारी लगायतका कार्यक्रम ०४/११/ सञ्चालनका लागि देहायानुसार बजेट विनियोजन गर्ने।

| श्रोत | रकम (रु) | खर्च शीर्षक | रकम (रु) |
|---|---|---|---|
| युवा समितिको वार्षिक बजेटबाट | ५ लाख ५० हजार | मञ्च लगायतका व्यवस्थापकीय कार्यका /खाजा पानी/ लागि प्रति कार्यक्रम | ५० हजार |
| भाषा कला साहित्य सँस्कृति समितिको वार्षिक बजेटबाट | ५ लाख ५० हजार | खेलाडी छनौटशिविर सञ्चालन / सांगितिक कार्यक्रम/ लगायतका कार्यक्रमका लागि प्रति कार्यक्रम | १ लाख ५० हजार |
| खेलकुद समितिको वार्षिक बजेटबाट | ११ लाख | | |

४. अर्जुनधारा नगरपालिका वडा नं ९ स्थित बुद्धशान्ती गाउँपालिकाको सिमानामा पर्ने बाटोमा सडक बत्ती जडानका लागि दुवै स्थानीय तहको साझेदारीमा जडान गर्ने गरी अर्जुनधारा नगरपालिकाको तर्फबाट रु १ लाख विनियोजन गर्ने।

५. अर्जुनधारा नगरपालिकाबाट चालु आर्थिक वर्षमा सडक कालोपत्रेका लागि विनियोजित बजेटबाट सञ्चालन हुने सबै प्रकारका कालोपत्रे योजनाहरु ठेक्का बन्दोवस्त गरी सञ्चालन गर्ने।यसरी सञ्चालित आयोजनाको भुक्तानी गर्दा अनिवार्य रुपमा नगर स्तरीय आयोजना भए नगर स्तरीय अनुगमन समितिको सिफारिस तथा वडास्तरीय योजना भए वडा समितिको सिफारिसमा मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउने।

६. अर्जुनधारा नगरपालिका वडा नं ९ स्थित कालिस्थान माध्यमिक विद्यालयको अधुरो भवन निर्माणका लागि रु ५ (पाँच लाख) लाख तथा श्री प्राथमिक विद्यालयमा शौचालय निर्माणका लागि रु ३ (तिन लाख) लाख बजेट विनियोजन गर्ने।

७. देहायानुसार आर्थिक सहायता उपलब्ध गराउने।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | थारु कल्याणकारी सभा झापालाई माघी मनाउन | ५ हजार मात्र। |
| २ | अर्जुनधारा ,३-सुलोचन अधिकारी औषधोपचार सहयोग | १० हजार मात्र। |
| ३ | अर्जुनधारा-४ बस्ने समृद्धि चाहार औषधोपचार सहयोग | १० हजार मात्र। |
| ४ | अर्जुनधारा नगरपालिकाका द्वन्द्वपिडीतअपांगहरुलाई कार्यक्रममा सहभागि,घाइते,ताका लागि चालु आर्थिक वर्ष,को विनियोजित बजेटको ३ (ङ) बाट खर्च गर्ने गरी। | १ लाख मात्र। |
| ५ | मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालको स्वास्थ्य कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिकामा सर्ने र नसर्ने रोगको तथ्यांक संकलन कार्यमा सहयोग | २ लाख मात्र। |

चालु आर्थिक वर्षको स्वीकृत बजेट अन्तर्गत विनियोजित स्वच्छ खानेपानी आयोजना अन्तर्गतको बजेटबाट देहायानुसार रकम विनियोजन गर्ने।

क. अर्जुनधारा-२ को कार्य सञ्चालन खर्च बाट खर्च गर्ने गरी ३ थान ट्यूबवेल जडान गर्न ७५ हजार विनियोजन गरिएकामा उक्त शीर्षकमा बजेट अभाव रहेकाले उक्त बजेट स्वीकृत बजेट अन्तर्गत स्वच्छ खानेपानी आयोजनाबाट खर्च गर्ने गरी विनियोजन गर्ने।

ख.अर्जुनधारा-३ मा ३ थान ट्यूबवेल जडान गर्न प्रति ट्यूबवेल १५ हजारका दरले रकम विनियोजन गर्ने।

ग.अर्जुनधारा-९ मा १ थान ट्यूबवेल जडान गर्न रु १५ हजार।

घ.अर्जुनधारा-३ स्थित चन्द्रबहादुर दासको घर वरपर इनार जडान गर्नका लागि रु १ लाख मात्र।

८. चालु आर्थिक वर्ष २०७६/०७७ का लागि प्राप्त सशर्त अनुदान अन्तर्गत शिक्षा तर्फ प्राप्त अनुदानलाई देहायानुसार बाँडफाँड गर्ने।

| क.सं. | योजनाको नाम | विद्यालयको नाम | रकम |
|---|---|---|---|
| १ | शिक्षण सिकाइमा आइसिटी प्रयोगका लागि अनुदान | कालिस्थान मावि | ६,५०,००० |
| २ | शिक्षण सिकाइमा आइसिटी प्रयोगका लागि अनुदान | नवदुर्गा आवि | ६,५०,००० |
| ३ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | अर्जुनधारा मावि | ६,५०,००० |
| ४ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | महारानीगञ्ज मावि | ६,५०,००० |
| ५ | उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | गणेश आवि | २,००,००० |
| ६ | गणित, विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री अनुदान | नवदुर्गा आवि, भिमले आवि, गणेश आवि | १,५०,००० |
| ७ | पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान | गणेश आवि | ६,५०,००० |
| ८ | शिक्षकको शिक्षणा सिकाइमा विताउने समयावधि सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदान | सबै विद्यालय | ५६,००० |
| ९ | तोकिएको सूचकांकको आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | सबै विद्यालय | १४,००,००० |

९.अर्जुनधारा नगरपालिकाका देहायका स्थानहरुमा झोलुङ्गे पुल तथा ट्रस्ट ब्रिज निर्माण गर्नु आवश्यक रहेकाले पुल निर्माणका लागि सम्बन्धित निकायहरुमा पहल गर्ने।

क. अर्जुनधारा नगरपालिका वडा नं २ घिमिरे चौक बाट ढुङ्गेल गाउँ जोड्ने स्थान।

ख. वडा नं ३ मिलन चौकबाट प्रेम आचार्यको घर अगाडी।

ग. वडा नं ३ सुखानी खोला कुम्बिटार जोड्ने ठाउँमा झोलुङ्गे पुल।

घ.अमलडाँगीबाट वडा नं ४ को दुर्गा मन्दिर जोड्ने ठाउँ ।

ङ.सहकाले झरना जाने बाटोमा झोलुङ्गे पुल तथा छाँगामा जानका लागि ट्रस्ट ब्रिज।

१०. वादी कृष्ण तामाङ्ग प्रतिवादी अर्जुनधारा नगरपालिका समेत भएको घर निर्माण संरचना हटाई सार्वजनिक सडक खिचोला मेटाई चलन चलाइ पाउँ भन्ने मुद्दामा नगरपालिकाको तर्फबाट आवश्यक कारबाहीका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने ,।

हरि कुमार राना मगर
नगर प्रमुख